नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## जुजु धौ उद्योग अनुगमन निरीक्षण सम्वन्धी प्रेस नोट

विभिन्न सामाजिक संजाल तथा संचार माध्यममा जु जु धौ (दहि) मा टिस्यु पेपर, कागज, पानीमा नघुल्ने पदार्थहरु रहेको भनि विभिन्न सामाग्रीहरु प्रकाशन/प्रसारण भइरहेको भनि श्री जिल्ला प्रशासन कार्यालय भक्तपुर वाट जानकारी प्राप्त भइ मिति २०८१/०१/२६ गते यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, जिल्ला प्रशासन कार्यालय भक्तपुर, भक्तपुर नगरपालिका, पत्रकार महासंघका प्रतिनिधिहरु लगायतको संयुक्त अनुगमन टोलीले भक्तपुर नगरपालिका वार्ड नं. २, ब्यासी स्थित रहेका लक्ष्मी दहि भण्डार, सैंजु दुग्ध उद्योग लगायतका डेरी तथा जुजुधौ उत्पादन तथा विक्री वितरण गर्ने उद्योगहरुको निरीक्षण तथा अनुगमन गरिएको थियो।

सो निरीक्षण तथा अनुगमनको क्रममा अनुगमन टोलीले स्थलगत रुपमै दहीमा अखाद्य वस्तुहरु टिस्यु पेपर, कागज, पानीमा नघुल्ने पदार्थहरु मिसिएको वा नमिसिएको परिक्षण गरियो। स्थलगत परिक्षणवाट सो उद्योगवाट उत्पादिन जुजु धौ दहीमा सामाजिक संजालमा देखिएको जस्तो टिस्यु पेपर, कागज, पानीमा नघुल्ने पदार्थहरु लगायतका कुनैपनि कैफियत नभेटिएको जानकारी गराइन्छ ।यसका साथै उद्योगहरुको उत्पादन स्थल, विक्री वितरण कक्ष, उत्पादन भइरहेको तथा विक्री वितरणको लागि तयारी अवस्थामा रहेका दहि (जुजुधौ) तथा जुजुधौ उत्पादनको लागि आवश्यक कच्चा पदार्थहरुको निरीक्षण गर्ने क्रममा समेत कैफियत नभेटिएको जानकारी गराइन्छ ।

यस प्रकारको भ्रामक तथा तथ्यहिन भिडियोहरु सामाजिक सन्चालमा पोस्ट गर्दा उद्योगहरुलाइ नकारात्मक असर गरि राष्ट्रिय अर्थतन्त्रमा समेत प्रतिकुल प्रभाव पर्ने भएकोले संपुर्ण सामाजिक संजाल प्रयोगकर्ताहरुलाइ खाद्य वस्तुको गुणस्तर तथा स्वच्छता सम्वन्धी कन्टेन्टहरु प्रेशित गर्दा सजग तथा जिम्मेवार रहनु हुन सुचित गरिन्छ । खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी कुनै पनि उजुरी तथा गुनासो भए विभाग तथा मातहतका कार्यालय सुचना दिनुहुन समेत अनुरोध छ ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ का प्रावधानहरुको परिपालना गरि मात्र खाद्य पदार्थ उत्पादन तथा विक्रि वितरण गर्नु गराउनुहुन संपुर्ण खाद्य व्यवसायीहरु लाई विभाग अनुरोध गर्दछ ।

सुमन धिताल
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८२/०१/२८